समाचार
एडीबी नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

असार, २०६२

# एडीबीका दक्षिण एसिया विभागका महानिर्देशकको नेपाल भ्रमण




**परामर्श** महानिर्देशक सेन्ना नेपाल आवासीय नियोगका कर्मचारीहरूसँग कार्यगत विषयमा छलफल गर्दै ।

एसियाली विकास बैंक (एडीबी), दक्षिण एसिया विभागका महानिर्देशक कुनियो सेन्नाको नेतृत्वमा नेपालमा यही २०६२ असार ६ देखि ८ गतेसम्म तीनदिने परामर्श सम्पन्न भयो ।

श्री सेन्नाले नेपालमा एडीबीका कामकारबाहीहरूबारे श्री ५ को सरकार र विकास साझेदारहरूसँग उच्चस्तरिय परामर्श गर्नुभएको थियो ।

श्री ५ को सरकारसँगको बैठकमा श्री सेन्नाले नेपालमा एडीबीको वर्तमान विकास सहायताबारे छलफल गर्नुका साथै अहिलेको सम्वेदनशील घडीमा नेपालको विकास र गरिबी निवारणका प्रयासहरूमा एडीबीले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले सुधार कार्यक्रमका निरन्तरता तथा विकास कार्यहरूलाई प्रभावकारीरुपमा सुचारु राख्नुपर्नेमा जोड दिनुभयो । 'गरिबी, सामाजिक बहिस्करण र क्षेत्रीय असमानता हटाउनेतर्फ लक्षित फराकिलो विकास नै शान्तिका लागि बलियो आधार हुनसक्छ', उहाँले भन्नुभयो ।

नेपाल भ्रमणका क्रममा श्री सेन्नाले मन्त्रिपरिषद्का उपाध्यक्षद्वय डा. तुलसी गिरी र कीर्तिनिधि बिष्ट, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा, मुख्य सचिव डा. विमलप्रसाद कोइराला, अर्थ सचिव भानुप्रसाद आचार्य, अन्य बरिष्ठ सरकारी अधिकारीहरू तथा नेपालका प्रमुख विकास साझेदारका प्रतिनिधिहरूसँग भेट गर्नुभएको थियो ।

श्री सेन्नाले नेपाल आवासीय नियोगका कर्मचारीसँग पनि कार्यगत विषयहरूमा छलफल गर्नुभएको थियो । ■

## यस अंकमा...

- नेपाल आवासीय नियोगको कार्यपत्र श्रृंखला २
- पहिलो त्रैमासिकको इकानोमिक अपडेट प्रकाशित २
- दातृ संस्थाको एकरुपतासम्बन्धी बैठक २
- नेपाल आवासीय नियोग गोष्ठी श्रृंखला २
- एडीबीद्वारा उत्कृष्ट आयोजना व्यवस्थापन समूह पुरस्कृत ३
- नेपाली पत्रकारलाई एडीबीआईको विकासोन्मुख एसिया पत्रकारिता पुरस्कार ३
- राष्ट्रिय निर्देशक सहश्राब्दी विकास लक्ष्यसम्बन्धी बैठकमा सहभागी ४
- नयाँ कर्मचारी ४
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४

*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ ।*

## नेपाल आवासीय नियोगको कार्यपत्र शृंखला

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले आफ्ना चालू अनुसन्धान कार्यहरूमाथि प्रकाश पार्न सन् २००५ को दोस्रो त्रैमासिकदेखि कार्यपत्र श्रृंखला शुरु गरेको छ । नियोगले कार्यपत्र प्रकाशनबाट सार्वजनिक नीतिगत छलफलमा योगदान पुग्ने आशा लिएको छ, जसले नेपालमा महत्वपूर्ण आर्थिक तथा विकास मुद्दाहरूमा समझदारी बढाउनेछ ।

कार्यपत्र श्रृंखलाले नेपाल आवासीय नियोगका चालू तथा भर्खरै सम्पन्न भएका अनुसन्धान र नीतिगत अध्ययन तथा यसका नीतिगत विश्लेषणसम्बन्धी सञ्जाललाई समेटेको छ । कार्यपत्रहरू छलफललाई बढावा दिन र त्यसबाट उपयुक्त प्रतिक्रियाहरू हासिल गर्नेतर्फ लक्षित छन् । यस श्रृंखलाअन्तर्गत प्रकाशित भएका कार्यपत्रहरूलाई टिप्पणीकर्ताहरूको प्रतिक्रियाका आधारमा क्रमिकरुपले परिमार्जन गर्दै लैजानुका साथै पेशागत पुस्तक (जर्नल) र किताबहरूमा लेखका रुपले प्रकाशित गर्न सकिनेछ ।

नियोगले हालसम्म चारवटा कार्यपत्रहरू प्रकाशित गरेको छ : सुडसुप र र च्याङ्ग योङ रिद्वारा लिखित नेपालको समष्टिगत आर्थिक प्रारुप, सुडसुप र र विपुल सिंहद्वारा लिखित द्वन्द्वको आर्थिक लागत मापन : घट्दो विकास खर्चको प्रभाव, डा. हर्क गुरूङद्वारा लिखित विकासका लागि नेपालको क्षेत्रीय रणनीति तथा राजेन्द्र प्रधान र आभा श्रेष्ठद्वारा तयार पारिएको जनजाती तथा जातीय विविधता : विकासमा प्रभाव ।

यी कार्यपत्रहरू नियोगको वेबसाइट http://adb.org/NRM/publications.asp मा उपलब्ध छन् । ■

## पहिलो त्रैमासिकको इकानोमिक अपडेट प्रकाशित

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले सन् २००५ को पहिलो त्रैमासिकको नेपाल इकोनोमिक अपडेट गत अप्रिल महिनामा प्रकाशित गरेको छ । नेपालको अर्थतन्त्रबारे नियमितरुपमा अद्यावधिक जानकारी दिने उद्देश्यअनुरुप सन् २००३ देखि प्रकाशन गर्न थालिएको यस पुस्तकको यो पाँचौं अंक हो । यसमा आर्थिक वर्ष २००५ (२००५ जुलाइ मध्यसम्म) को पहिलो अर्धवार्षिक अवधिसम्मको आर्थिक विकास तथा प्रवृत्तिहरू समीक्षा गर्नुका साथै समष्टिगत आर्थिक स्थिति र क्षेत्रगत विकासको मूल्यांकन, नीतिगत अवस्था, वित्तीय विकास, मौद्रिक विकास, बाह्य क्षेत्र तथा आर्थिक वर्ष २००५ को आर्थिक परिदृश्यसमेत संलग्न छ । ■

# दातृ संस्थाको एकरूपतासम्बन्धी बैठक

दातृ निकायहरूको एकरुपताका लागि सन् २००५ को दोस्रो त्रैमासिकमा संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डीफीड) र जर्मन प्राविधिक सहयोग नियोग (जीटीजेड) सँग छुट्टाछुट्टै आयोजना गरिएको बैठकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले भाग लिएका थिए ।

नियोग र डीफीडका कर्मचारीहरूले २०६२ साल वैशाख ३० गते डीफीड नेपालद्वारा आयोजित 'विकास प्रभावकारिताका लागि साझेदारी : एडीबी/डीफीड परामर्श कार्यशाला' मा भाग लिएका थिए । एडीबी र डीफीडका लक्ष्य, प्राथमिकता तथा रणनीतिहरूबारे परिचित हुनुका साथै एडीबी-डीफीड साझेदारीका लागि प्राथमिकता क्षेत्र र कार्यहरू पहिचान गर्नमा कार्यशाला केन्द्रित थियो । दुवैले द्वन्द्वको अवस्थामा आयोजनाको कार्यान्वयन र खासगरी पूर्वाधार आयोजनाहरूको कार्यान्वयनबारे आ-आफ्ना अनुभवहरू आदानप्रदान गरेका थिए ।

गोष्ठी सत्रलाई नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान र डीफीड प्रमुख मार्क मल्लायल्युले सभापतित्व गर्नुभएको थियो । दुवैले हाल सञ्चालित समन्वयात्मक प्रयासहरूको प्रगति समीक्षा गर्नुभएको थियो । यो एडीबी-डीफीड एकरुपता प्रक्रियाको दोस्रो समीक्षा बैठक हो ।

यसैगरी, नियोगले वि.सं. २०६१ साल भदौ १९ गते हस्ताक्षर भएको एडीबी/जीटीजेड संयुक्त कार्य योजना २००४-२००५ को प्रगति समीक्षा गर्न यही जेठ ९ गते जीटीजेड, काठमाडौं कार्यालयका कर्मचारीहरूसँग बैठक आयोजना गरेको थियो । यो जीटीजेडसँगको तेस्रो समीक्षा बैठक हो र यसलाई श्री रहमान तथा जीटीजेड, काठमाडौं कार्यालयका निर्देशक उल्फ वेर्नेकले सभापतित्व गर्नुभएको थियो । ■



एकरुपता नेपाल आवासीय नियोग र डीफीडका कर्मचारीहरू आयोजना कार्यान्वयनमा आफ्ना अनुभवहरू आदानप्रदान गर्दै ।

# नेपाल आवासीय नियोग गोष्ठी श्रृंखला

सन् २००५ को दोस्रो त्रैमासिकमा आयोजित नेपालमा एसियाली विकास बैंक (एडीबी) का काम-कारबाहीहरूसँग सान्दर्भिक पाँचवटा गोष्ठीहरूमा नेपाल आवासीय नियोगका कर्मचारीहरूले भाग लिएका थिए । नियोगले नेपालमा सञ्चालित एडीबीका काम-कारबाहीहरूसँग सम्बन्धित विषयमा छलफल गर्न सन् २००५ जनवरीदेखि सञ्चालन गर्न थालेको यस्तो आन्तरिक गोष्ठीमा प्रस्तोताका रुपमा नियोगका कर्मचारी तथा बाहिरका वक्ताहरूको सहभागिता रहन्छ ।

वि.सं. २०६१ साल चैत २२ गते नियोगका प्रशासकीय सहायक श्रृजना राजभण्डारीले 'कठिन साझेदारी मुलुकहरूमा दाताहरूको प्रयास' विषयक प्रस्तुति राख्नुभएको थियो । यससम्बन्धी प्रस्तुति र छलफल आर्थिक समन्वय तथा विकास संगठन (ओईसीडी) को विकास सहायता समितिका नाजुक अवस्थासम्बन्धी सिद्धान्तहरूमा केन्द्रित थिए ।

वि.सं. २०६२ साल जेठ ६ गते 'नेपाल जीवनस्तर मापन सर्वेक्षण- २ (२००३-२००४) का नतिजाहरू' बारे नियोगका अर्थशास्त्र अधिकृत विपुल सिंहको प्रस्तुति रहेको थियो । उहाँले जीवनस्तर मापन सर्वेक्षण- २ का नतिजाहरू र यसका लागि अपनाइएको विधिमाथि प्रकाश पार्नुभएको थियो । कर्मचारीहरूले जीवनस्तर मापन सर्वेक्षण- २ का नतिजाहरूका आधारमा एडीबीले कस्तो किसिमको सहयोग गर्नसक्छ भन्ने विषयमा छलफल गरेका थिए ।

जेठ १३ गते नेपाल आवासीय नियोगका कर्मचारीहरूले 'शिक्षा क्षेत्र विकास नीति तथा रणनीति तर्जुमा' सम्बन्धी गोष्ठीमा भाग लिएका थिए । यो गोष्ठी एडीबीको चालू परामर्शदातृ प्राविधिक सहायताअन्तर्गत सञ्चालन गरिएको हो । कार्यक्रममा शिक्षा तथा खेलकूद मन्त्रालयका सह-सचिव राम एस दुवे तथा प्राविधिक सहायता टोली नेता फ्रेडी मुङ्गरले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

नियोगका कर्मचारीहरूले जेठ ३१ गते आयोजित 'नेपाल : राष्ट्रिय वातावरण विश्लेषण' सम्बन्धी गोष्ठीमा भाग लिएका थिए । कार्यक्रममा इन्टरनेशनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (ईसीमोड) का वसन्त श्रेष्ठ र उनको समूहले एडीबी र ईसीमोडद्वारा संयुक्तरुपमा सञ्चालित अध्ययनको प्रतिवेदन प्रस्तुत गरेको थियो ।

नियोगका कर्मचारीहरू असार ३ गते आयोजित 'पोषण सुधारले कसरी गरिबी घटाउँछ र आर्थिक विकासमा योगदान पुऱ्याउँछ' भन्ने विषयको गोष्ठीमा समेत सहभागी भएका थिए । संयुक्तराज्य अमेरिकाको न्युयोर्कस्थित जोन साइमन गुगेनहेम फाउन्डेसनका अनुसन्धान विशेषज्ञ (पोषण तथा अर्थशास्त्र) डा. जोसेफ हन्ट गोष्ठीका प्रस्तोता रहेका थिए । विभिन्न विकास नियोगका प्रतिनिधिहरूको पनि गोष्ठीमा सहभागिता रहेको थियो । ■

# एडीबीद्वारा उत्कृष्ट आयोजना व्यवस्थापन समूह पुरस्कृत

अर्थ सचिव भानुप्रसाद आचार्यले वि.सं. २०६२ साल जेठ १९ गते तीनवटा आयोजना समूहका प्रतिनिधिहरूलाई एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोग उत्कृष्ट आयोजना व्यवस्थापन पुरस्कार प्रदान गर्नुभयो ।

यी पुरस्कृत आयोजनाहरूमा शिक्षक शिक्षण आयोजना, ग्रामीण लघुवित्त आयोजना र सामुदायिक भूमिगत सिंचाइ क्षेत्र आयोजना रहेका छन् ।

एडीबीको पहिलो प्राथमिक शिक्षा विकास आयोजनाकै निरन्तरताको रुपमा सञ्चालित शिक्षक शिक्षण आयोजनाले दक्ष र प्रशिक्षित शिक्षकहरूका माध्यमबाट आधारभूत शिक्षाको गुणस्तर तथा दक्षता अभिवृद्धि गर्नमा सरकारलाई सघाउ पुऱ्याउनेछ ।

सामुदायिक भूमिगत सिंचाइ क्षेत्र आयोजनाले पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रमा भूमिगत सिंचाइ (सामुदायिक स्यालो ट्युबवेल) विस्तार गरेर कृषिजन्य उत्पादकत्व वृद्धि गर्ने उद्देश्य लिएको छ ।

तेस्रोपटक नेपाल आवासीय नियोगको पुरस्कार प्राप्त गर्न सफल ग्रामीण लघुवित्त आयोजनाले क्षमता अभिवृद्धि, आयमूलक गतिविधिहरूका लागि कर्जा प्रवाह तथा लघुवित्त संस्थाहरूको संस्थागत सुदृढीकरणका माध्यमबाट महिलाहरूको सामाजिक-आर्थिक स्थितिमा सुधार ल्याउनेछ । यो आयोजना ७५ वटा जिल्लाहरूमा सञ्चालन हुँदै आएको छ ।

नेपाल आवासीय नियोगले एडीबीको सहायताप्राप्त आयोजनाका कर्मचारीहरूलाई आयोजनाको प्रभावकारी सञ्चालन र त्यसबाट राम्रो परिणाम हासिल गर्नका लागि प्रोत्साहित गर्न सन् १९९६ मा यो अवार्ड स्थापना गरेको हो ।

'एडीबीको सहायता तल्लो तहसम्म सकारात्मक परिणाम हासिल होस् भन्नेमा केन्द्रित छ', एडीबीको नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले भन्नुभयो, 'हामी सकारात्मक प्रभाव हासिल गर्न योगदान पुऱ्याउने आयोजनाका कर्मचारी तथा यसमा संलग्न सरकारी निकायहरूको प्रयासको प्रशंसा गर्छौं ।'

नेपाल आवासीय नियोग र अर्थ मन्त्रालयले आयोजना कार्यान्वयनमा देखिएका प्रमुख अवरोधहरू र समाधानका उपायहरूबारे छलफल गर्न आयोजना निर्देशक/प्रबन्धकहरूको सहभागितामा द्वै-मासिक बैठक आयोजना गरेको छ । बैठकहरू अर्थ मन्त्रालय र एडीबीले संयुक्तरुपमा सञ्चालन गर्छन् । ■



**उत्कृष्ट कार्य-सम्पादन** अर्थ सचिव भानुप्रसाद आचार्य अर्जुन बा. भण्डारी, कार्यकारी निर्देशक, नेपाल शिक्षा विकास आयोजनालाई उत्कृष्ट आयोजना व्यवस्थापन अवार्ड प्रदान गर्दै । उहाँले यो अवार्ड शिक्षक शिक्षण आयोजनाका संयोजक शिवकुमार सापकोटाका तर्फबाट ग्रहण गर्नुभएको हो ।

## नेपाली पत्रकारलाई एडीबीआईको विकासोन्मुख एसिया पत्रकारिता पुरस्कार

नेपालको *स्पटलाइट* साप्ताहिक पत्रिकाका दुईजना पत्रकारहरूले जापानको टोकियोस्थित एसियाली विकास बैंक इन्स्टिच्युट (एडीबीआई) द्वारा स्थापना गरिएको विकासोन्मुख एसिया पत्रकारिता पुरस्कारअन्तर्गत सन् २००५ को उत्कृष्ट पुरस्कार प्राप्त गरेका छन् ।

जापानको विदेशी समाचारदाता क्लबमा वि.सं. २०६१ साल चैत १८ गते आयोजित समारोहमा *स्पटलाइट*का बरिष्ठ संवाददाता सञ्जय ढकाललाई 'वर्षको युवा विकास पत्रकार' घोषित गरियो । २९ वर्षीय श्री ढकाल 'महिला तथा विकास' वर्गमा पनि दोस्रो हुनुभएको थियो ।

वर्षको विकास पत्रकार, वर्षको विकास महिला पत्रकार, आईल्यान्ड (टापु) पत्रकार अवार्ड तथा वर्षको युवा विकास पत्रकारतर्फ प्रत्येकलाई २ हजार अमेरिकी डलर तथा पदक प्रदान गरिएको थियो ।

यसैगरी, *स्पटलाइट* पत्रिकाका प्रबन्ध सम्पादक ४४ वर्षीय केशव पौडेलले गरिबीका मुद्दासम्बन्धी वर्गमा पहिलो पुरस्कार प्राप्त गर्नुभयो ।

समारोहमा यस क्षेत्रका विकास प्रवृत्ति र मुद्दाहरूका विषयमा समाचार संकलन गर्ने उत्कृष्ट पत्रकारलाई सम्मानित गरिएको थियो । सन् २००५ का पुरस्कारहरू विकासका चार रणनीतिक क्षेत्र गरिबीसम्बन्धी मुद्दा, व्यक्ति र विकास, विकास नियोग र विकास तथा महिला र विकासका बारेमा समाचार संकलन गर्ने पत्रकारहरूलाई दिइएको थियो । यसमा विजेता तथा दोस्रो र तेस्रो हुनेलाई १ हजार ५ सय अमेरिकी डलरदेखि २ सय ५० डलरसम्म नगद पुरस्कार प्रदान गरिएको थियो ।

अन्तिम प्रतिस्पर्धीहरूमा जनवादी गणतन्त्र चीन, फिजी आईल्यान्ड, भारत, किग गणतन्त्र, मलेसिया, पाकिस्तान, फिलिपिन्स र भियतनामका पत्रकारहरू समेत थिए ।

विजेताहरूको छनौट गर्न जापानको विदेशी समाचारदाता क्लबका वर्तमान अध्यक्ष एन्टोनी रोली, *बिजनेस टाइम्स अफ सिंगापुर*का टोकियोस्थित संवाददाता र *अक्सफोर्ड एनालिटिका*का स्थलगत सम्पादकको नेतृत्वमा निर्णायक मण्डल गठन गरिएको थियो । निर्णायक मण्डलका अन्य सदस्यहरूमा आसाही सिम्बुनका योसिहो मुराकामी, इन्टरप्रेस सर्भिसका सुभेन्द्रिनी तथा बंगलादेशका दुई राष्ट्रिय दैनिकका लागि टोकियोस्थित संवाददाता मोन्जुरूल हक रहेका थिए । ■




**उत्कृष्ट पत्रकार** टोकियोस्थित जापान विदेशी समाचारदाता क्लब (एफसीसीजे) मा आयोजित उत्कृष्ट पत्रकारिता पुरस्कार साँझमा (बायाँबाट क्रमशः) सि सिउमेई, पी.के. सावद रहमान, निर्णायक मण्डलका सदस्यहरू एन्थोनी राउली, सुभेन्द्रिनी काकुची, योसियो मुराकामी तथा मुन्जुरूल हक, भासिती भालासिया रिटोभा र सञ्जय ढकाल ।

## राष्ट्रिय निर्देशक सहश्राब्दी विकास लक्ष्यसम्बन्धी बैठकमा सहभागी

संयुक्त राष्ट्र संघ, एसएनभी र इन्टरनेशनल एलर्टद्वारा आयोजित 'हिंसात्मक द्वन्द्वमा सहश्राब्दी विकास लक्ष्यतर्फ : दक्षिण एसियाका लागि काम गर्न आह्वान' सम्बन्धी बैठकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले पनि भाग लियो। नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले बैठकमा भाग लिनुका साथै रणनीति तथा वास्तविकताको एकरुपतासम्बन्धी सत्रमा सह-अध्यक्षतासमेत गर्नुभएको थियो। सहश्राब्दी विकास लक्ष्य र द्वन्द्वबीचको सम्बन्ध, चुनौतिहरूलाई सम्बोधन गर्ने प्रयासहरू र त्यसको विश्लेषण तथा प्रगतिका लागि रणनीतिहरू परिभाषित गर्नमा केन्द्रित यो बैठक तीन दिन चलेको थियो। २०६२ साल असार १५ देखि १७ गतेसम्म चलेको यस बैठकमा सरकार, अन्य विकास नियोगहरू तथा गैर-सरकारी संस्थाका प्रतिनिधिहरू र अनुसन्धानकर्ताहरूले भाग लिएका थिए। ■

# नयाँ कर्मचारी

सन् २००५ को दोस्रो त्रैमासिकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगमा दुईजना नयाँ कर्मचारीहरू नियुक्त भएका छन्।



नेपाल आवासीय नियोगको प्रशासकीय सहायक पदमा वि.सं. २०६२ साल जेठ ९ गते **निलिना नकर्मी** नियुक्त हुनुभएको छ। नियोगमा आउनुअघि उहाँले संयुक्त राष्ट्र संघीय उच्च शरणार्थी आयोगमा काम गर्नुभएको थियो। सन् १९९८ देखि आफ्नो व्यावसायिक यात्रा सुरु गर्नुभएका नकर्मीले विभिन्न अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूमा रहेर खासगरी प्रशासनिक कार्यसम्बन्धी अनुभव हासिल गर्नुभएको छ। उहाँले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन शिक्षामा स्नातक गर्नुभएको छ।



नियोगको सहायक आयोजना विशेषज्ञ पदमा वि.सं. २०६२ साल जेठ ३१ गते **रजनी केसी श्रेष्ठ** नियुक्त हुनुभएको छ। श्रीमति श्रेष्ठले एडीबीको सहायतामा सञ्चालित आयोजनाहरूका लागि विश्लेषणात्मक तथा तथ्यांकसम्बन्धी सहयोग उपलब्ध गराउनुका साथै एडीबीका कार्यगत तथा प्रशासनिक कार्यहरूमा सहयोग गर्नुहुनेछ। नियोगमा आउनुअघि उहाँले संयुक्त राष्ट्र संघीय बाल कोष नेपालको बालबालिका तथा महिला कार्यक्रमसम्बन्धी विकेन्द्रीत कार्यमा काम गर्नुभएको थियो। उहाँले एक व्यापारिक कम्पनी केसी इञ्जिनियरिङ इन्टरप्राइजेज प्राइभेट लिमिटेडमा कार्यक्रम अधिकृतका रुपमा समेत काम गर्नुभएको थियो। श्रीमति श्रेष्ठले काठमाडौं विश्वविद्यालयबाट व्यवस्थापकीय प्रशासनमा स्नातकोत्तर गर्नुभएको छ। ■

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले सन् २००५ को दोस्रो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए। त्यसमध्ये केहीको यहाँ चर्चा गरिएको छ।

नेपाल आवासीय नियोगका वरिष्ठ राष्ट्रिय कार्यक्रम विशेषज्ञ सुडसप रले वि.सं. २०६२ साल वैशाख २१ देखि २७ गतेसम्म भारतको आगरामा आयोजित 'दीगो वातावरणीय सामुदायिक केन्द्रहरूको व्यवस्थापन' सम्बन्धी क्षेत्रीय कार्यशालामा स्रोत व्यक्तिका रुपमा भाग लिनुभयो। कार्यशालामा रले 'आयोजना प्रस्तावहरू कसरी तयार पार्ने' भन्ने विषयमा आफ्नो प्रस्तुति राख्नुभएको थियो। उक्त कार्यशाला एडीबी इन्स्टिच्युटले आयोजना गरेको थियो।

वैशाख ३० गते अर्थमन्त्री मधुकरशमशेर राणाले 'कमनवेल्थ सचिवालय- ऋण रेकर्डिङ तथा व्यवस्थापन सफ्टवेयर (सीएस-डीआरएमएस)' सम्बन्धी तालिम कार्यक्रमका सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो। एडीबीको प्राविधिक सहायतामा सञ्चालित सार्वजनिक ऋण व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढीकरणअन्तर्गत नेपालको अर्थ मन्त्रालय र भारतको रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) बीच सम्पन्न सम्झौताअनुरुप आरबीआईका सार्वजनिक ऋण व्यवस्थापन विशेषज्ञले उक्त तालिम कार्यक्रम सञ्चालन गरेको हो। सन् २००२ डिसेम्बर ६ मा स्वीकृत उक्त प्राविधिक सहायताले सार्वजनिक ऋणका लागि कानूनी, नियमन तथा संस्थागत संरचनालाई सुदृढ तुल्याउने, ऋण नीति तर्जुमा तथा योजनाका लागि क्षमता अभिवृद्धि गर्ने र ऋण रेकर्डिङ तथा लेखापरिक्षण सुधारका माध्यमबाट ऋणको जवाफदेहीता र पारदर्शितालाई सुदृढ गर्ने उद्देश्य लिएको छ।

कार्य-सम्पादनमा आधारित व्यवस्थापनका लागि एडीबीको प्राविधिक सहायताले जेठ ६ गते 'उप-स्वास्थ्य चौकीहरूका लागि कार्य-सम्पादन परिसूचक' सम्बन्धी समूहगत छलफल कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा कार्य-सम्पादन परिसूचकहरूको भार निर्धारण तथा कार्य-सम्पादन सहुलियत योजनामाथि छलफल गरिएको थियो। कार्यदलका १२ सदस्यहरू तथा स्वास्थ्य मन्त्रालयका वरिष्ठ अधिकारीहरूले कार्यक्रममा भाग लिएका थिए।

श्री रले एडीबीको प्रधान कार्यालयमा जेठ २६ र २७ गते आयोजित 'परिणाममूलक राष्ट्रिय रणनीति तथा कार्यक्रम' सम्बन्धी कार्यशालामा समेत स्रोत व्यक्तिका रुपमा भाग लिनुभएको थियो। कार्यक्रममा 'नेपालको परिणाममूलक राष्ट्रिय रणनीति तथा कार्यक्रम : अनुभव तथा चुनौतिहरू' विषयमा श्री रको प्रस्तुति रहेको थियो।

एडीबी र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ले यही असार ७ र ८ गते संयुक्तरुपमा 'सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययन' सम्बन्धी कार्यशाला आयोजना गर्‍यो। सार्कको प्रबर्द्धनका लागि एडीबीद्वारा प्रदान गरिएको क्षेत्रीय प्राविधिक सहायताअन्तर्गत यो कार्यक्रम आयोजना गरिएको थियो। कार्यशालामा सार्क मुलुकहरू बंगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका यातायात विशेषज्ञहरूले यातायात क्षेत्रमा उप-क्षेत्रीय समन्वयतर्फ हासिल भएका अनुभव तथा सिकिएका पाठहरूबारे छलफल गर्नुका साथै अध्ययनको उद्देश्य, क्षेत्र, कार्यान्वयन व्यवस्था र अध्ययन विधिमा समीक्षा गर्ने तथा क्षेत्रीय सञ्जाललाई सुधार गर्ने प्रस्तावित उपायहरूमाथि छलफल गरेका थिए।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm ■

समाचार
नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिँदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०७१
काठमाडौं, नेपाल।
फोन: +९७७१ ४२२ ७७७९
फ्याक्स: +९७७१ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान